सिदिङ्वा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
साब्लाखु, ताप्लेजुङ
१ नं. प्रदेश नेपाल

✆ अध्यक्ष -९८०७९२८५५५
✆ उपाध्यक्ष -९८५२६८११७१
✆ प्र. प्र. अ.-९८५२६६०१५३

सूचना नं. ३८-२०७७/०७८

मितिः २०७८/०२/२२

**बिषयः कोरोना प्रकोप रोकथाम बारे ।**

प्रस्तुत बिषयमा यस गाउँपालिकाको **स्थानीयतह स्तरीय Covid 19 Crisis Management Center (CCMC)** को मिति २०७८/०२/२२ गतेको बैठकको निर्णयानुसार मिति २०७८/०२/२२ गते गरिएको एन्टिजेन परीक्षण बाट कोरोना संक्रमण देखिएको र पछिल्लो दिनमा दिन प्रतिदिन संक्रमणको दर बढ्दै गइरहेकोले आवश्यक रोकथाम तथा नियन्त्रणको लागी देहाय बमोजिम गर्नु / गराउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**देहायः**

१. अन्य जिल्ला वा संक्रमित ठाउँ बाट आउने नागरिकहरुलाई संवन्धित वडामा रहेको निगरानी समुहबाट आवश्यक निगरानीमा राख्ने ।
२. प्रभावित क्षेत्र तथा विदेशबाट आउने नागरिकहरुलाई सम्बन्धित वडाले नै होम आइसोलेशनमा राख्ने व्यवस्था मिलाउने ।
३. गाउँपालिका तथा वडा कार्यालयबाट प्रदान गरिने सेवाको हकमा अति आवश्यक प्रकृतिका, नगरी नहुने प्रकृतिका सेवाहरु मात्र प्रवाह गर्ने । अन्य दैनिक / नियमित सेवा प्रवाह अर्को सूचना नभइन्जेल सम्मको लागी स्थगित गर्ने ।
४. गाउँपालिकाको केन्द्र रहेको भञ्ज्याङ बजार कम्तिमा ७ दिनको लागि पुर्णरुपमा बन्द गर्ने ।
५. गाउँघरमा हुने विभिन्न किसिमका खेलकुद जन्य गतिविधिहरु पुर्ण रुपमा बन्द गर्ने ।
६. अति आवश्यक बाहेक सबै प्रकारका यातायात सेवा र आवतजावतलाई बन्द गर्ने ।

२/२२

सुमन लिङ्देन(लिम्बु)
प्रमुख प्रशासकीय अधिकृत